# रामेछाप जिल्ला अदालत

(प्रशासन शाखा)

मन्थली, रामेछाप
☎: ०४८-५४००३७ न्यायाधिश
०४८-५४०३३१ श्रेस्तेदार
Email: info.dcramechhap@supremecourt.gov.np
admin.dcramechhap@supremecourt.gov.np

प.सं. ०७६/०७७
च.नं.

मिति २०७७/०६/१९

सूचना! सूचना!! सूचना!!!

विषयः- वैतनिक कानून व्यवसायीको नियुक्ति सम्बन्धमा ।

यस अदालतमा वैतनिक कानून व्यवसायी पदमा जिल्ला अदालत नियमावली २०७५ को नियम १०१ बमोजिम वैतनिक कानून व्यवसायी नियुक्ति तथा सेवा सर्त सम्बन्धी निर्देशिका २०७६ को नियम २ (१) बमोजिम उक्त पदमा पदपुर्तीको लागि ऐ. निर्देशिका २०७६ को नियम ५(३) बमोजिम १ (एक) वर्ष पदावधिका लागि वैतनिक कानून व्यवसायीको पदमा रही काम गर्न इच्छुक अधिवक्ताहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र रु.१० को रसिद सहित देहायमा उल्लेखित कागजातहरुको प्रतिलिपी संलग्न राखि यस अदालतको प्रशासन शाखामा दरखास्त दिनुहुन सम्बन्धित सबैको जानकारीका लागि मिति २०७७/०६/१९ गतेको निर्णयानुसार यो सूचना प्रकाशन गरिएको छ । रित नपुगी आएका र तोकिएको म्याद नाघेर पर्न आएका निवेदनहरु उपर कुनै कारवाही हुने छैन ।

१. पदः- वैतनिक कानून व्यवसायी । २. पद संख्या:- १ (एक)

३. मासिक तलबः- रा.प.तृतिय श्रेणीको अधिकृतले पाउने न्यूनतम मासिक पारिश्रमिक (शुरु स्केल)

४. संलग्न गर्नुपर्ने कागजातहरु:

क) नेपाली नागरिकताको प्रतिलिपी ।

ख) कानून विषय लिई कम्तिमा स्नातक उत्तिर्ण गरेको प्रमाण पत्रको प्रतिलिपी ।

ग) अधिवक्ताको प्रमाण पत्रको प्रतिलिपी ।

घ) सम्बन्धित विषयमा कुनै तालिम वा विज्ञता हासिल गरेको भए सोको स्वयले प्रमाणित गरेको प्रतिलिपी ।

५. गर्नुपर्ने कामः- जिल्ला अदालत नियमावली, २०७५ को नियम १०२ बमोजिमका कामहरु यस अदालतले तयार गरेको आ.व २०७७/०७८ को वार्षिक कार्ययोजना बमोजिम जिल्ला स्थित कारागार कार्यालयमा रहेका असहाय र आर्थिक रुपमा विपन्न थुनुवा तथा कैदीहरुलाई निशुल्क कानूनी सेवा प्रदान गर्न सो स्थानमा गई कानूनी सेवा उपलब्ध गराउनु पर्ने र वैतनिक कानून व्यवसायीलाई प्रभावकारी बनाउने सम्बन्धमा निर्देशिकाले तोकेको गर्नुपर्ने विभिन्न कामहरु गर्ने र भविष्यमा गर्नु पर्ने कामको सुझाव समेत प्रदान गर्ने ।

६. काम गर्नु पर्ने स्थानः- रामेछाप जिल्ला अदालत, जिल्ला स्थित न्यायीक समिति तथा अर्धन्यायिक निकायहरु समेत ।

७. सेवाका शर्तः- जिल्ला अदालत नियमावली, २०७५ को नियम १०३ मा उल्लेख भए बमोजिम हुनेछ । वैतनिक कानून व्यवसायीले अदालतमा नियमित कार्यालय समयमा उपस्थित भई काम गर्नु पर्ने र कार्यालयको समयमा निशुल्क कानून व्यवसाय बाहेक अन्य कार्यमा व्यस्त हुन नहुने ।

८. छनौटको किसिमः- अन्तरवार्ता र तोकिएका अन्य आधारहरुमा हुने ।

९. नियुक्ति लिनु पर्ने अवधिः- छनौट भएको मिति ७ (सात) दिन भित्र ।

१०. सार्वजनिक विदा परेकोले दरखास्त दिने अन्तिम मिति २०७७/७/१८ गते सम्म

११. सम्पर्क मितिः- दरखास्त दिने अन्तिम दिनको भोलिपल्ट ।

राम चन्द्र मण्डल
श्रेस्तेदार